२०७५ साल जेष्ठ २ गते बुधबारका दिन विहान ०९.०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ४, पोखरामा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय–

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको ०१/०५/२०७५-०२-१ को विषयको धार्चे गाउँपालिकाको केन्द्र परिवर्तन सम्बन्धी विषयको प्रस्ताव - " प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको ०१/०६/२०७५-०२-१ को विषयको माछापुच्छ्रे गाउँपालिकाको वडा सिमाना परिवर्तनका सम्बन्धमा विषयको प्रस्ताव - " प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको ०३/०५/२०७५-०२-२ आ.व. २०७५।७६ को प्रदेश सरकारको बजेट सिलिङ सम्बन्धमा विषयको प्रस्ताव - " प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयको ०३/०६/२०७५-०२-१ प्रदेश आर्थिक कार्यविधी नियमावली नहुदासम्म नेपाल सरकारको आर्थिक कार्यविधि नियमावली बमोजिम कार्य संपादन गर्ने सम्बन्धमा - " प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।

५. आन्तरिक मामिला तथा कानून मन्त्रालयको ०२/०३/२०७५-०२-२ को खर्च सहमती (पोखरा मुक्तिनाथ आतेजाते सिम्रीक एयरलाइन्सको हेलिकप्टरको भाडा खर्च) सम्बन्धमा - "उपयुक्त शिर्षकबाट दिने गरी स्वीकृत" ।

६. भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको ०५/०४/२०७५-०२-२ को प्रदेश दूग्ध विकास वोर्ड गठन विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने सम्बन्धी प्रस्ताव सम्बन्धमा - "परिमार्जन सहित पुनः पेश गर्न प्रशासन तथा विधेयक समितिमा फिर्ता गर्ने " ।

७. सामाजिक विकास मन्त्रालयको ०७/०१/२०७५-०२-१ को प्रदेश खोप ऐन, २०७५ को मसौदा तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिने सम्बन्धमा सम्बन्धमा - " प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।

८. मन्त्रिपरिषदको मिति २०७४।१२।१४ मा माननीय उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रीज्यूको संयोजकत्वमा गठित प्राकृतिक स्रोत साधन दोहन विषयमा अध्ययन गरी पेश हुन आएको प्रतिवेदनका सम्बन्धमा प्रतिवेदन कार्यान्वयन गर्ने कार्ययोजना र मापदण्ड बनाई आगामी बैठकमा पेश गर्न उद्योग, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

९. आगामी आर्थिक वर्ष २०७५।७६ को बजेट अधिवेशन २०७५साल जेष्ठ १६ गते अपरान्ह ४.०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुखज्यूमा अनुरोध गर्ने निर्णय गरियो ।